नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४६ २०८२ साल भदौ २५ गते बुधबार (10 Sep 2025 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजीको प्रदर्शनका क्रममा. ३ पृष्ठमा : जेनजीको प्रदर्शनका क्रममा ... ३ पृष्ठमाअफगानिस्तानमा सडक दुर्घटनो...

# राजविराजमा जेनजीको प्रर्दशनपछ्री कफ्र्य जारि

## चार पार्टी कार्यालयसहित झण्डै एक दर्जन कार्यालयमा तोडफोड र आगजनीमा करोडौंको क्षति

## दर्जनौं निजि तथा सरकारी सवारीसाधन जलेर खरानी





*तस्बिरहरु : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

दुईदिनदेखी मुलुकभर भएको जेनजीको प्रदर्शन मंगलबार राजविराजमा अनियन्त्रित भएपछी स्थानीय प्रशासनले दिउँसो ३:३० बजेदेखी अनिश्चितकालिन काफ्र्य आदेश जारि गरेको छ । यद्दपी कफ्र्यु आदेशको अवज्ञा गर्दै साँझसम्म पनि प्रदर्शन जारि रहेको थियो ।

जेनजीको प्रदर्शन दिउँसो १ बजेदेखी तोडफोड र आगजनीमा परिणत भएपछी स्थिति तनावग्रस्त बन्दै गएको थियो । स्थिती नियन्त्रण बाहिर गएपछी जिल्ला प्रशासन कार्यालयले दिउँसो ३:३० बजेदेखी राजविराज नगरपालिका र सो पालिकासँग जोडिएको विष्णुपुर गाउँपालिकाको केही क्षेत्रमा समेत अर्को आदेश जारि नभएसम्मको लागि कफ्र्यु आदेश जारि गरेको हो ।

प्रदर्शनकारीले सप्तरी सदरमुकाम राजविराजस्थित नेकपा एमाले, नेपाली कांग्रेस, जनमत र जसपा नेपाल पार्टी कार्यालय भवनमा तोडफोड र आगजनी गरेका थिए ।

त्यसपछी उनीहरु सरकारी कार्यालयमा तोडफोड र आगजनी गरे । प्रदर्शनकारीहरुले राजविराजस्थित जिल्ला समन्वय समितिको कार्यालयमा एक बस र एक पिकअप भ्यान, राजविराज नगरपालिकाको कार्यालयमा बारुणयन्त्र १, ट्र्याक्टर ४, स्कारपियो १, टिपर ३ र अरु २ वटा गाडीमा आगजनी गरेका छन् । यस्तै सघन शहरी कार्यालयमा पिकअप भ्यान ६ वटा, मोटरसाइकल ७ वटा, सप्तरी जिल्ला अदालतमा स्कारपियो २ र ४ वटा कारमा आगजनी गरिएको छ । यसैगरी नापी कार्यालयमा स्कारपियो १ र मोटरसाईकल १ सहित आगजनीबाट सबै कार्यालयका गाडीहरु जलेर पुर्णरुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्तेतले जानकारी दिए ।

वन डिभिजन कार्यालयका सबै सामान बाहिर निकालेर आगजनी गर्नुका साथै उच्च अदालत जनकपुर राजविराज इजलाशमा पनि आगजनी गरिएको हो । यस्तै सप्तरी जिल्ला अदालतमा पनि आगजनी गरिएको छ । सो अगजनीबाट त्यहाँ रहेको करिब एक दर्जन सरकारी र व्यक्तिगत मोटरसाइकल समेत जलेर नष्ट भएको छ । राजविराजको सरकारी कार्यालयहरुमा भएको आगजनी र तोडफोडबाट अदालत, नापी नगरपालिकाको कागजातहरु पनि जलेर नष्ट भएको छ । पुर्व सिंचाईमन्त्री उमेश यादवको घरमा ढुंगामुढा तथा स्कारपियोमा पनि तोडफोड भएको छ ।

प्रदर्शनकारीकाले नेपाल पत्रकार महासंघ शाखा सप्तरीको भवनमा पनि तोडफोड गरेको महासंघका अध्यक्ष श्रवणकुमार देवले जानकारी दिए । दिनभर तनावग्रस्त राजविराजको इतिहासमै सबभन्दा ठुलो भौतिक क्षति भएको घट्ना भएको छ। यसैंक्रममा तीन जना प्रहरी पनि घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

राजविराजस्थित गजेन्द्रचौक, रुपनीमोड लगायतका स्थानमा युवा विद्यार्थीहरु टायर बालेर प्रदर्शनमा उत्रिएका थिए । प्रदर्शन पश्चात उनीहरु जिल्ला प्रशासन कार्यालय सप्तरीको मुल गेटमा धर्ना बसेका थिए ।

## प्रधानमन्त्री ओलीद्वारा राजीनामा

काठमाडौं, २४ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिनुभएको छ । उहाँले मुलुकमा उत्पन्न असमान्य परिस्थितिलाई ध्यानमा राख्दै मंगलबार पदबाट राजीनामा दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

विक्रम संवत् २०८१ असार ३१ गते नेपालको संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्री नियुक्त हुनुभएका उहाँले संविधानसम्मत् राजनीतिक निकास र समस्या समाधानको थप पहलका लागि संविधानको धारा ७७ (१) (क) बमोजिम मंगलबारैका मितिदेखि लागू हुनेगरी पदबाट राजीनामा दिनुभएको राजीनामा पत्रमा उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत हुनुभएका ओली पछिल्लो पटक २०८१ असार ३१ गते नेपाली कांग्रेसलगायत दलहरूको समर्थनमा प्रधानमन्त्री बन्नुभएको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट दिनुभएको राजीनामा राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबारैदेखि लागूहुने गरी राजीनामा स्वीकृत गर्नुभएको हो ।

नेपालको संविधानको धारा ७७ को उपधारा (३) बमोजिम अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्यसञ्चालन गर्ने जिम्मेवारी तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:

- पर्याबरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई बाताबरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आबाजले मन शान्त पारी तनाब कम गर्न मद्दत पुऱ्याउँछ,
- जैबिक बिबिधता बढ्न, मौसम परिबर्तनको संकेत थाहा पाउन र बाताबरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जेनजीको प्रदर्शनका क्रममा राजविराजमा देखिएको दृश्य

*तस्बिरहरु : राजविराज दैनिक*


















# जेनजीको प्रदर्शनका क्रममा राजविराजमा देखिएको दृश्य

तस्बिरहरु : राजविराज दैनिक





## सुरक्षाको प्रत्याभूति भएपछि मात्र यातायात सेवा दिन निर्देशन

काठमाडौँ, २४ भदौ (रासस)।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले शान्ती सुरक्षाको प्रत्याभूति भए पश्चात् मात्र यातायात सेवा दिन निर्देशन दिएको छ।

महासङ्घले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै सोमबार 'जेनजी पुस्ता'को प्रदर्शनका क्रममा १९ जनाले ज्यान गुमाएपछि आन्दोलन झन् चर्किएको भन्दै सहज वातावरण नभएसम्म यातायात सेवा सञ्चालन नगर्न यातायात व्यवसायीलाई निर्देशन दिएको हो।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले देशभर सञ्चालित सार्वजनिक यातायात र ढुवानी मालवाहक सवारी साधन सञ्चालन गर्न असहज परिस्थिति सिर्जना भएको तथा काठमाडौँ उपत्यकासहित देशभरको जनजीवन प्रभावित भई नेपाल सरकारबाट विभिन्न स्थानमा कर्फ्यू आदेश भएको हुँदा सवारी साधन सञ्चालन नगर्न आग्रह गर्नुभयो।

"सोमबार भएको दुःखद् घटनाका कारण काठमाडौँ उपत्यकासहित देशभरको जनजीवन प्रभावित भई नेपाल सरकारबाट विभिन्न स्थानमा कर्फ्यू आदेश भएको हुँदा उपत्यकासहित देशभर सञ्चालित सार्वजनिक यातायात र ढुवानी

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०४/१४

### विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १ डम्बर थापा समशेरको *नाममा कायम* रहेका साविक प्रगन्ना जगदर मौजे लोखरम भटोतर सा.कि.नं. ५ को ज.वि. ८-३-८ मध्ये ०-१२-० हाल नपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. कोचावखारी वडा नं.३ हाल छिन्नमस्ता गा.पा. वडा नं. ५ बस्ने सोनाई कामैतको नाति दोरिक कामैतको छोरा लड्डु कामैतको यस कार्यालयमा द.नं. २३७९९ मिति २०८२/०१/०७ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०४/१४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | डम्बर थापा समशेर | कोचाबखारि | ४ | १२२ | ०-९-९ | लड्डु कामैत | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा दोरिक केवट र बौवा मंडरको तेरो मेरो झगडा जनिएको। |

भुपेन्द्र राई
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत

# विश्व समाचार

## अफगानिस्तानमा सडक दुर्घटना हुदाँ ११ जनाको मृत्यु एक घाइते

काबुल, २४ भदौ (रासस/सिन्ह्वा)।

उत्तरी अफगानिस्तानको बदख्सान प्रान्तमा एउटा सवारी साधन खोलामा खसेर दुर्घटना हुँदा ११ जना यात्रुको मृत्यु हुनुको साथै एक जना घाइते भएको स्थानीय प्रहरी अधिकारीले मङ्गलबार बताएका छन्।

चालकको लापरवाहीका कारण दराइम जिल्लामा यो दुर्घटना भएको जिल्ला प्रहरी प्रमुख सैयद मिर खङ्गरले पुष्टि गर्नुभयो। उहाँका अनुसार एक परिवारका सात जनासहित ११ जनाको घटनास्थलमै मृत्यु भएको छ।

यसअघि सोमबार बिहान पूर्वी गजनी प्रान्तमा कार र बसको टक्करमा छ जनाको ज्यान गएको थियो भने अर्को एक जना घाइते भएका थिए।

## थाक्सिनलाई एक वर्ष जेल सजाय, अदालतको फैसला स्वीकार

बैङ्कक, २४ भदौ (रासस/एपी)।

थाइल्यान्डको सर्वोच्च अदालतले मङ्गलबार पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई भ्रष्टाचार र शक्तिको दुरुपयोगको आरोपमा अघिल्लो सजायअनुसार एक वर्षको जेल सजाय भोग्नुपर्ने निर्णय सुनाएको छ।

एक न्यायाधीशका अनुसार थाक्सिनको सजायको कार्यान्वयन ठीकसँग भएको थिएन, त्यसैले बैङ्ककको प्रहरी अस्पतालमा गरिएको नजरबन्दलाई जेल सजायको रूपमा गणना गरिएको थिएन।

एक दशकभन्दा बढी समय स्व-निर्वासनमा बिताएपछि थाइल्यान्ड फर्केका थाक्सिन जेलमा एक दिनभन्दा कम समय बिताएपछि स्वास्थ्य कारण देखाएर अस्पतालमा भर्ना हुनुभएको थियो।

उहाँको आठ वर्षको सजायलाई राजा महा भाजिरालोङ्कोर्नले एक वर्षमा कम गरिदिनुभयो र अस्पतालमा छ महिना बिताएपछि उहाँ प्यारोलमा मुक्त हुनुभयो।

यस घटनाले उहाँलाई विशेष सुविधा दिइएको हो कि होइन भन्ने प्रश्न उठ्यो, साथै उहाँ साँच्चै बिरामी हुनुहुन्थ्यो कि हुनुहुन्नथ्यो भन्ने विषयमा पनि शङ्का प्रकट भयो।

अदालती कार्यवाहीपछि थाक्सिनलाई बैङ्कक रिमान्ड जेल पठाइयो। फैसलापछि उहाँको टोलीले सामाजिक सञ्जालमा सेयर गरेको सन्देशमा थाक्सिनले अदालतको निर्णय स्वीकार गरेको जनाउँदै लेख्नुभएको छ, "म भविष्यप्रति ध्यान दिन चाहन्छु, चाहे कानुनी कार्यवाही होस् वा मसँग सम्बन्धित द्वन्द्वहरू। आजदेखि, म स्वतन्त्र भए पनि, देश र जनताको हितका लागि विचारको स्वतन्त्रता राख्छु।"

फैसला आउनुअघि थाक्सिन आफ्ना दुई छोराछोरी, पिन्टोङ्टा सिनावात्रा र पूर्वप्रधानमन्त्री पेटोङ्टार्न सिनावात्रासहित अदालत पुग्नुभएको थियो। गत महिना अदालतले पेटोङ्टार्नलाई कम्बोडियाली सिनेट अध्यक्षसँगको राजनीतिक सम्झौतासम्बन्धी फोन कललाई नैतिक उल्लङ्घन मानेर पदबाट हटाएको थियो।

फैसलापछि पेटोङ्टार्नले राजाले थाक्सिनको सजाय कम गरिदिएकोमा धन्यवाद दिँदै भन्नुभयो, "म बुबाको बारेमा चिन्तित छु, तर गर्व पनि छ कि उहाँले देशका लागि धेरै ऐतिहासिक क्षण सिर्जना गर्नुभएको छ। यो कठिन समय हो, तर हामी अझै राम्रो भावनामा छौँ।"

थाक्सिन सन् २००१ देखि २००६ मा सैन्य कूले उहाँलाई अपदस्थ नगरेसम्म प्रधानमन्त्री हुनुहुन्थ्यो। उहाँको निष्कासनपछि थाइल्यान्डमा करिब दुई दशक लामो राजनीतिक ध्रुवीकरण सुरु भयो, जसले उहाँका समर्थकलाई सहरी बासिन्दा, उत्साही राजावादी र सेना समर्थकहरूसँग आमनेसामने बनायो।

सन् २००८ मा थाक्सिन आरोपहरूको सामना गर्न थाइल्यान्ड फर्कनुभयो तर जमानत छोडेर फेरि विदेशतिर लाग्नुभयो र एक दशकभन्दा बढी समय निर्वासनमा रहनुभयो। कार्यालय छाडेपछि उहाँले राजनीतिक उद्देश्यले प्रेरित भएको भन्दै थुप्रै मुद्दा र आपराधिक अभियोगको सामना गर्नुभयो।

गत महिना, एक आपराधिक अदालतले उहाँलाई शाही मानहानि (लेज-माजेस्टे) आरोपबाट निर्दोष ठहर गरेको थियो। उक्त आरोपमा दोषी ठहर भएको भए उहाँलाई १५ वर्षको जेल सजाय हुन सक्थ्यो।

## गाजा सहर खाली गर्न इजरायली सेनाको आग्रह

तेल अभिव (इजरायल), २४ भदौ (रासस/एपी)।

इजरायली सेनाले उत्तरी गाजामा नियोजित विस्तारित सैन्य कारबाही अघि मङ्गलबार बिहान गाजा सहरलाई पूर्ण रूपमा खाली गर्न आग्रह गरेको छ। हालको लडाईमा सहर पूर्ण निकासीका लागि दिइएको यो पहिलो चेतावनी हो।

यसैबीच, रक्षामन्त्री इजरायल काट्जले मङ्गलबार इजरायलले गाजामा ३० वटा अग्ला भवन ध्वस्त पारेको बताउनुभयो। ती भवनलाई हमासले सैन्य पूर्वाधारका रूपमा प्रयोग गरेको आरोप छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सोमबार कम्तीमा ५० वटा 'आतङ्ककारी टावर' नष्ट गर्ने योजना रहेको बताउनुभएको थियो।

पछिल्ला दिनहरूमा इजरायलले गाजा सहरका थुप्रै अग्ला भवनहरू भत्काएको छ, जसमा हमासले निगरानी पूर्वाधार स्थापना गरेको दावी गरिएको छ।

गाजा सहरका केही भागबाट दक्षिणतर्फ तोकिएको मानवीय क्षेत्रमा जान आग्रह गर्दै इजरायलले हमासको अन्तिम गढ मानिएको क्षेत्रमा आफ्नो नियन्त्रण विस्तार गर्ने उद्देश्यसहित आक्रमणलाई तीव्र पारेको छ।

गाजा सहर क्षेत्रमा करिब १० लाख प्यालेस्टिनी रहेका छन्, तर चेतावनी आउनुअघि केवल सानो अंश मात्र त्यहाँबाट बाहिरिएको छ।

# रास्वपा सभापति लामिछाने कारागारबाट रिहा

काठमाडौँ, २४ भदौ (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने मंगलबार ललितपुरस्थित नक्खु कारागारबाट रिहा हुनुभएको छ।

ठूलो सङ्ख्यामा प्रदर्शनकारी कारागार घेराउमा गएपछि परिस्थिति थप बिग्रन नदिन र परिस्थितिलाई काबुमा राख्ने सर्तमा उहाँलाई रिहा गरिएको कारागार प्रमुख सत्यराज जोशीले राससलाई जानकारी दिनुभयो। सहकारी ठगीसम्बन्धी अभियोगमा उहाँ सो कारागारमा थुनामा हुनुहुन्थ्यो।

# रास्वपाका सांसदहरूद्वारा राजीनामा

काठमाडौं, २४ भदौ (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले सामूहिक राजीनामा दिने निर्णय गरेका छन्।

रास्वपाका सांसदहरूले सामूहिक राजीनामा दिने सचिवालयको प्रस्तावमा पार्टीको संसदीय दल एकमत रहेको कार्यवाहक सभापति डोलप्रसाद अर्यालले जानकारी दिनुभयो। रास्वपाको संसदीय दलको कार्यालयबाट जारी विज्ञप्तिमा रास्वपा संसदीय दलका नेता रवि लामिछानेसहित २० प्रतिनिधिसभा सदस्यहरूले राजीनामा दिने निर्णयबारे जानकारी दिइएको छ। यसअघि, सोमबार जेनजी प्रदर्शनपछि रास्वपाका सभापनि रवि लामिछानेले नक्खु कारागारबाट जारी गरेको सन्देशमा आफ्ना मागहरू पूरा नभए राजीनामा दिन तयार रहन सांसदहरूलाई आह्वान गर्नुभएको थियो। प्रतिनिधिसभामा रास्वपाका तर्फबाट उपसभामुखसहित २१ जना सांसद छन्।

### सुरक्षाको प्रत्याभूति ...

मालवाहक सवारी साधन सञ्चालन गर्न असहज परिस्थिति सिर्जना भएको छ," उहाँले भन्नुभयो, "सरकारबाट उचित शान्ती सुरक्षाको प्रत्याभूति नभएसम्मका लागि उपत्यकासहित देशभर यात्रुवाहक र मालवाहक सार्वजनिक यातायातका सवारी साधन सञ्चालन नगर्न नगराउन अनुरोध गरेका छौं।"

महासङ्घले सोमबार भएको घटनाप्रति दुःख व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। घाइतेको उपचार गर्न महासङ्घले सरकारसँग माग गरेको छ।

# जेनजीको प्रदर्शनका क्रममा राजविराजमा देखिएको दृश्य

तस्बिरहरु : राजविराज दैनिक








# राष्ट्रपतिद्वारा सबै पक्षलाई वार्तामा आउन आह्वान

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ भदौ।**

राष्ट्रपति रामचन्द्र पौडेलले देशको विषम परिस्थितिको शान्तिपूर्ण समाधानका लागि आन्दोलनकारी नागरिकलगायत सबै पक्षलाई वार्तामा आउन आह्वान गरेका छन्।

मंगलबार जारी अपिलमा उनले लोकतन्त्रमा नागरिकले उठाएका मागहरू वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमता अपनाउन आग्रह गरेका छन्।

राष्ट्रपतिले भनेका छन्, 'प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा स्वीकृत भइसकेको अवस्थामा मुलुक, जनता र लोकतन्त्रलाई माया गर्दै समस्या समाधानका लागि सबै पक्षले सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।'

उनले जेनजीका प्रतिनिधिसहित सबै सरोकारवालासँग वार्तामार्फत् मार्ग खोज्न सकिने विश्वास व्यक्त गर्दै संयमित आह्वान गरेका छन्।

# सेनाद्वारा थप जटिल हुन नदिन र संयमता अपनाउन अपिल

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ।**

नेपाली सेनाले नेपाल र नेपाली जनताको जिउज्यानको रक्षा गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै परिस्थिति थप जटिल हुन नदिन र संयमता अपनाउन अपिल गरेको छ।

यस विषम परिस्थितिमा देशको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य रहेको सेनाले स्मरण गराएको छ।

सोमबार र मंगलबार दिनभर जेनजी प्रदर्शकारीले गरेको प्रदर्शनका कारण २० बढीको मृत्यु भइसकेको छ।

देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री लगायत उच्च पदस्थहरूको कार्यालयमा आगजनी भएको छ। सबै संरचना ध्वस्त भएका छन्।

यसैबीच सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिइसकेका छन्। यसबीचमा सेनाले जारी गरेको यो विज्ञप्तिलाई चासोका साथ हेरिएको छ।

'नेपाल र नेपाली जनताको हित र सुरक्षामा सदैव समर्पित नेपाली सेनाले हाल विकसित अवस्थालाई मध्यनजर गर्दै नेपाल र नेपाली जनताको जिउधनको रक्षा गर्न प्रतिबद्ध रहेको छ। यस विषम परिस्थितिमा देशको ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक र राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो,' नेपाली सेनाले भनेको छ।

सेनाले अघि भनेको छ, 'तसर्थ, विद्यमान परिस्थितिलाई थप जटिल हुन नदिन सामाजिक सद्भाव तथा राष्ट्रिय एकतालाई कायम राख्दै संयमित हुन नेपाली सेना सम्पूर्ण युवा जनशक्ति र देशवासीमा हार्दिक अनुरोध गर्दछ।'

# मधेशका मुख्यमन्त्री सिंह र सीके राउतद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ।**

मधेसका मुख्यमन्त्री सतिस कुमार सिंहले पदबाट राजीनामा दिएका छन्।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले प्रतिनिधि सभाको सदस्य पदबाट राजीनामा दिएका छन्।

सभामुखलाई सम्बोधन गरेर लेखिएको राजीनामा पत्रमा उनले देशमा जारी आन्दोलन र वर्तमान अवस्थालाई नौलो गणतन्त्रले मात्रै सम्बोधन गर्न सक्ने भन्दै सोको स्थापनाका लागि आफ्नो पद त्यागेको स्पष्ट पारेका छन्।

डा. राउतले विगतमा पटक-पटक मन्त्री र उपप्रधानमन्त्री बन्ने अवसर आउँदा पनि पदको लालच नराखी जनतासँग उभिएको स्मरण गराएका छन्।

"ममाथि आस्था र विश्वास राख्ने जनतालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। म सँधै जनतासँगै उभिन्छु," राजीनामा पत्रमा उनले भनेका छन्। उनको यो कदमलाई देशभर भइरहेको आन्दोलनसँग जोडेर हेरिएको छ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*